# इटहरी उपमहानगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन, २०८२

## इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## इटहरी सुनसरी

## इटहरी उपमहाउपमहानगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धि ऐन, २०८२

**प्रस्तावनाः** उपमहाउपमहानगरपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी उपमहानगरपालिका एवं नगर क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, उपमहानगरपालिकाका निर्णयहरुको कार्यान्वयन गर्न, आपतकालीन अवस्थामा राहत र उद्धारको कार्य गर्न, आगलागी नियन्त्रण गर्न, अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न र छाडा पशु चौपायाको नियन्त्रण सम्बन्धी कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) (१) मा उल्लेख भएको नगर प्रहरी सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले ऐ. ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरि इटहरी उपमहानगरपालिकाको १६ औं नगरसभाले यो ऐन जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम “नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन-२०८२” रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) “ऐन” भन्नाले नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन-२०८२ सम्झनु पर्दछ ।

(ख) “नगरपालिका” भन्नाले इटहरी उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) “सभा” भन्नाले इटहरी उपमहानगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(घ) “नगर कार्यपालिका” भन्नाले इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख” भन्नाले इटहरी उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(च) “उप-प्रमुख” भन्नाले इटहरी उपमहानगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले इटहरी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) “नगर प्रहरी प्रमुख” भन्नाले आफू मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर नगर प्रहरी सेवा अन्तर्गतको कर्मचारी भन्ने सम्झनु पर्दछ । यस शब्दले नगर प्रहरी प्रमुख नियुक्त नभएसम्म नगर प्रहरी कर्मचारीको कमाण्ड गर्ने नगर प्रहरी समेतलाई जनाउनेछ ।

(झ) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी अधिकृत, जवान, वारणयन्त्र तर्फका कर्मचारी र सुरक्षा गार्डको रुपमा नियुक्त भएको सकल दर्जालाई सम्झनु पर्दछ ।

(ञ) “समिति” भन्नाले स्थानीय सरकारी सेवा(संचालन तथा व्यवस्थापन) ऐन, २०८० को दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिलाई सम्झनु पर्दछ ।

(ट) “सेवा करार” भन्नाले यस ऐनबमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

(ठ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

## परिच्छेद-२
## नगर प्रहरीको क्षेत्राधिकार, सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरीको क्षेत्राधिकार :** (१) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को देहाय क(२) बमोजिम र नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**४. नगर प्रहरी सेवाको गठन :** उपमहानगरपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ । नगर प्रहरी सेवा भित्र नगर प्रहरी समूह र वारुणयन्त्र समूह रहनेछन् । नगर प्रहरी सेवा भित्रका विभिन्न समूह अन्तर्गतका पदहरु तथा उक्त पद अन्तरगत रहने कर्मचारीहरुको दरवन्दी संख्या र पदपूर्ती सम्वन्धी व्यवस्था यो ऐन अनुसार हुनेछ ।

**५. नगर प्रहरी सेवामा रहने समुह ,पद र तहः** (१) उपमहानगरपालिकामा रहने नगर प्रहरी सेवा, नगर प्रहरी समूह अन्तर्गत रहने कर्मचारीको पद र तह देहाय अनुसार हुनेछ ।

| | |
|---|---|
| (क) नगर प्रहरी नायव उपरीक्षक | – अधिकृतस्तर नवौं |
| (ख) नगर प्रहरी  निरीक्षक | – अधिकृतस्तर छैटौं/सातौं/आठौं |
| (ग) नगर प्रहरी नायव निरीक्षक | – सहायकस्तर पाँचौ (प्रथम श्रेणी) |
| (घ) नगर प्रहरी सहायक निरीक्षक | – सहायकस्तर चौथों (द्धितिय श्रेणी) |
| (ङ) नगर प्रहरी वरिष्ठ हवल्दार | – सहायकस्तर तेस्रो (तृतिय श्रेणी ) |
| (च) नगर प्रहरी हवल्दार | – सहायकस्तर तेस्रो (तृतिय श्रेणी ) |
| (छ) नगर प्रहरी सहायक हवल्दार | – सहायकस्तर तेस्रो (तृतिय श्रेणी ) |
| (ज) नगर प्रहरी जवान | – सहायकस्तर दोस्रो (चतुर्थ श्रेणी ) |

(२) उपमहानगरपालिकामा रहने नगर प्रहरी सेवा, वारुणयन्त्र समूह अन्तर्गत रहने कर्मचारीको पद र तह देहाय अनुसार हुनेछ ।

| | |
|---|---|
| (क) नगर सुवेदार | – सहायकस्तर पाँचौ |
| (ख) नगर जमदार | – सहायकस्तर चौथों |
| (ग) नगर हुद्दा | – सहायकस्तर तेस्रो |
| (घ) नगर अमल्दार | – सहायकस्तर तेस्रो |
| (ङ) नगर प्युठ | – सहायकस्तर तेस्रो |
| (च) नगर सिपाही | – सहायकस्तर दोस्रो |

(३) उपदफा (१) र (२) अनुसारका समूहहरु मध्ये आवश्यकता अनुसारका पदहरु र ती पद अन्तर्गत रहने कर्मचारीको दरवन्दी र संख्या नगरसभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत दरवन्दी मध्ये रिक्त भएको पदमा यो ऐन तथा उपमहानगरपालिकाको प्रचलित कानून बमोजिम पदपूर्ति गरिनेछ ।

(५) उपमहानगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र त्यस्तो कार्य विवरणमा उक्त पदको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व समेत उल्लेख गरिनेछ ।

(६) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी सेवा अन्तरगतका कर्मचारीको काम, कर्तव्य र अधिकार यस ऐनमा व्यवस्था गरिएको हकमा यसै अनुसार र नभएको हकमा प्रचलित कानूनमा व्यवस्था भए अनुसार हुनेछ ।

(७) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएपनि वारुणयन्त्र समूहको पाचौं तहभन्दा माथीको तह/पदहरुमा तहवृद्धि हुने नगर प्रहरी कर्मचारी स्वतः नगर प्रहरी सेवाको नगर प्रहरी समूहमा समायोजन भई तहवृद्धि हुनेछन् ।

## परिच्छेद ३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**६. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार :** (१) नगर प्रहरी कर्मचारीहरु हमेशा आफ्नो ड्यूटीमा रहेको मानिनेछ । निजलाई जुनसुकै बखत पनि काममा लगाउन सकिनेछ ।

(२) स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्थाका अतिरिक्त नगर प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

(क) सार्वजनिक आवागमनमा बाधा अवरोध पुर्‍याई राखिएका निर्माण सामाग्रीहरु त्यस्ता पसल/व्यवसायबाट हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट

असूल उपर गर्न पेश गर्ने । (ख) नगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने, अटेर गर्नेलाई कानून बमोजिम कारवाही गर्न पेश गर्ने ।

(ग) सार्वजनिक जग्गा, बाटो, मठ मन्दिर, ढल नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले प्रयोग गरेको छ छैन निरीक्षण गर्ने । निर्माण वा अतिक्रमण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, आदेश अनुसार गर्ने गराउने ।

(घ) नगर क्षेत्र भित्र कसैले भवन निर्माण गर्दा अनियमित ढंगले निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन सम्बन्धित शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, मापदण्ड विपरित देखिई भत्काउने आदेश भएमा आदेशानुसार गर्ने गराउने ।

(ङ) छाडा पशुचौपाया पक्राउ गरी लिलामका लागि पेश गर्ने, लिलाम हुन नसकेका छाडा पशुचौपाया उपमहानगरपालिकाले तोके बमोजिम व्यवस्थापन गर्ने, गराउने ।

(च) स्वास्थ्यका लागि हानिकारक वस्तु तथा सढेगलेको खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउने । तोकिएका मापदण्ड विपरित सडेगलेको हानिकारक वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहरिएमा नियमानुसार जरिवाना गर्न वा पसल वन्द गर्न, गराउन राय साथ पेश गर्ने ।

(छ) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी काटमार गर्न नदिने र त्यस्ता पशु पंक्षीको मासु विक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने र नियमानुसार कारवाहीका लागि राय सहित पेश गर्ने ।

(ज) छाडा कुकुर नियन्त्रण सम्बन्धी कार्य गर्ने । बेवारिस, मरेका पशुपंक्षिको समयमै उचित व्यवस्थापन गर्न लगाउने ।

(झ) सडक आवागमन वा सर्व साधारणको लागि खतरा देखिएका रुखहरु काट्न लगाउने । जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गरी आदेशानुसार गर्ने गराउने ।

(ञ) वडा समिति, टोल विकास संस्था वा अन्य सामाजिक संघ संस्था र सुरक्षा निकायसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(ट) नगर कार्यपालिका, विभिन्न समिति, उप-समिति विभाग तथा शाखाहरुबाट लागु हुने नीति नियम, निर्णय, मापदण्ड र उपमहानगरपालिकाको विद्यमान कानून कार्यान्वयन गर्ने ।

(ठ) नगरमा सु-व्यवस्था कायम गर्ने, उपमहानगरपालिकाको चल अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(ड) उपमहानगरपालिका क्षेत्रमा इजाजत विना पेशा व्यवसाय गरेको फेला परेमा सम्बन्धित निकायबाट पेशा/व्यवसायको दर्ता नविकरण गर्न लगाउने । त्यस्ता पेशा/व्यवसाय उपमहानगरपालिका दर्ता भए नभएको र दर्ता भए पनि नविकरण भए नभएका हेरी दर्ता वा नविकरण गर्न लगाउने ।

(ढ) नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई कारवाही गर्ने ।

(ण) विना इजाजत व्यानर, होडिङ्ग बोर्ड ग्लोबोर्ड लगाएतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी इजाजत लिन लगाउने, नमानेमा कारवाही गर्ने ।

(त) उपमहानगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रमहरुमा सुरक्षा प्रदान गर्ने र तोकिए बमोजिम उपमहानगरपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(थ) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल/व्यवसाय स्थलमा मूल्य सूची राख्न लगाई नियमित अनुगमन गर्ने ।

(द) होटल, रेष्टुरेण्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यावसायमा हुनेगतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप सञ्चालन भएको नदेखिएमा कारवाहीको लागि पेश गर्ने ।

(ध) उपमहानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा तास-जुवा लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने । अनुमति विना जादु, सर्कस र आर्थिक संकलन गर्ने प्रकृतिका विभिन्न खेलहरु सञ्चालन गर्न नदिने ।

(न) उपमहानगरपालिकाका क्षेत्रभित्र सञ्चालनमा आएका हाट बजारहरुको रेखदेख गर्ने, ब्यापारीहरुको लगत राख्ने र आवश्यक राय नगरपालिकामा पेश गर्ने ।

(प) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो तथा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने । (फ) ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा, व्यापार, व्यवसाय वा अन्य कुनै किसिमको कार्यक्रम सञ्चालन गर्न वा सार्वजनिक रुपमा बाधा पुग्ने गरी व्यक्ति बिशेषले कुनै कार्य गर्न रोक लगाउने । कुनै उद्योग व्यपार व्यवसाय वा व्यक्तिले कुनै कार्य गर्दा प्रदुषण उत्पन्न भएमा त्यसलाई नियन्त्रण गर्न लगाउने ।

(ब) पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(भ) नगर क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी राख्ने र अनुगमन गर्ने ।

(म) दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राख्ने र वारुणयन्त्रका (दमकल) सेवा प्रभावकारी बनाउन आवश्यक सहयोग, समन्वय र परिचालन गर्ने गराउने ।

(य) विपद्, माहामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त परिचालित हुने ।

(र) नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम अन्तरगत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने । (ल) माथि खण्ड (र) बमोजिमका शाखा, आयोजनाबाट कार्यावयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समय भित्र उपलव्ध गराउने ।

(व) न्यायिक समितिले आदेश गरे बमोजिम सम्बन्धित पक्षहरु कहाँ म्याद तामेली गर्ने, पूर्जी, सूचना बुझाउने, र विवादका पक्षहरुलाई उपस्थित गराउने ।

(श) नगर प्रमुख र न्यायिक समितिबाट भएका निर्णय, आदेश तथा मिलापत्रको कार्यान्वयन गर्ने, गराउने ।

(ष) उपमहानगरपालिकाको सुरक्षा गर्ने, पालोपहरा दिने ।

(स) नगरपालिका परिसर वा वडा कार्यालय परिसर वा नगरपालिका मातहतका कुनै कार्यालयमा अर्मयादित गतिविधि वा अराजक गतिविधि गर्ने व्यक्ति वा समूहलाई नियन्त्रणमा लिई नेपाल प्रहरी समक्ष बुझाउँन सक्नेछ ।

(ह) उपमहानगरपालिकाबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

(क्ष) माथि उल्लिखित कार्य वा प्रचलित कानून बमोजिमको कार्य सम्पादन गर्ने क्रममा नगर प्रहरी माथी आक्रमण भएमा नगर प्रहरीले आफ्नो प्रतिरक्षा गर्न सक्नेछ । यसरी प्रतिरक्षा गर्ने क्रममा आक्रमण गर्ने व्यक्ति वा समूहलाई नियन्त्रणमा लिई सम्बन्धित प्रहरी कार्यालयमा बुझाउँन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका कार्यहरु गर्दा नगर प्रहरी कर्मचारीले आवश्यकता अनुसार स्थानीय प्रहरीसंग समन्वय गर्न सक्नेछ ।

(४) नगर प्रहरी कमर्चारीको कार्य विवरण तयार गर्दा उपदफा (१) अन्तरगत उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई आधार मानी तयार गरिनेछ ।

(५) यस दफा बमोजिम नगर प्रहरी कर्मचारीले कारबाही गर्दा असुल गर्ने जरिवाना रकम तथा कुनै सामग्री हटाउँदा लागेको खर्च अशुल सम्बन्धी व्यवस्था आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४
## दरवन्दी श्रृजना र पदपूर्ती सम्वन्धी व्यवस्था

**७. नगर प्रहरी सेवाको पदपूर्तिः** (१) नगर प्रहरी सेवामा रहने देहायका पदहरूको पदपूर्ति देहाय बमोजिम हुनेछ।

| सेवा/समूह | पद | खुल्ला | | |
|---|---|---|---|---|
| नगर प्रहरी सेवा /प्रहरी समूह/वारुणयन्त्र समूह | नगर प्रहरी जवान/नगर सिपाही | १००% | | |
| | नगर प्रहरी सहायक हवल्दार/प्रहरी हवल्दार/प्युठ | १००% | | |
| | नगर प्रहरी वरिष्ठ हवल्दार/अमल्दार | १००% | | |
| | नगर प्रहरी सहायक निरीक्षक/हुद्दा | १००% | | |
| | जमदार | १००% | | |
| | नगर प्रहरी नायव निरीक्षक/सुवेदार | १००% | | |

| | | | | |
|---|---|---|---|---|
| | नगर प्रहरी निरीक्षक/सहायक सेनानी | १००% | | |
| | नगर प्रहरी नायव उपरीक्षक | १००% | | |

(२) उपदफा (१) को खुला प्रतियोगिताबाट पदपुर्ती हुने पदहरुमा समावेशिताको सिद्धान्तको आधारमा पदपुर्ती गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी सेवाको नगर प्रहरी समुह र वारुणयन्त्र समुहका पदमा कार्यरत रहेका स्थायी कर्मचारीहरु देहायको योग्यता पुरा गरेको भएमा स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिको सिफारिसका आधारमा नगरपालिकाले तहवृद्धि गरिदिनेछ । सेवा करारमा कार्यरत नगर प्रहरी र वारुणयन्त्र समूहका कर्मचारी तहवृद्धि हुन पाउने छैनन् ।

(क) नगर प्रहरी सेवामा कार्यरत पाचौं तहबाट छैटौं तह, चौथो तहबाट पाचौं तह, तेस्रो तहबाट चौथो तह, र दोस्रो तहबाट तेस्रो तहमा तहवृद्धि गर्दा तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मुल्याङ्कनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेको कर्मचारीलाई सम्बन्धित सेवा, समूहमा तहवृद्धि गरिनेछ ।

(४) उपदफा (३) को खण्ड (क) बमोजिम तहवृद्धि गर्दा थप शैक्षिक योग्यता आवश्यकता पर्ने छैन ।

(५) उपदफा (३) बमोजिम तहवृद्धि गर्दा तहवृद्धि हुने तहमा एक भन्दा बढी पदहरु भएमा तह वृद्धि हुने तहको सबैभन्दा तल्लो पदमा तहवद्धि गरिनेछ भने तह वृद्धि हुने तह भन्दा तल्लो तहमा एक भन्दा बढी पदहरु भए सबैभन्दा माथिल्लो पदमा काम गरेको सेवा अवधि गणना गरिनेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भएपनि कुनै एउटा तहमा एकभन्दा बढी पदहरु भएमा तल्लो पदमा ३ वर्ष सेवा अवधि पुरा गरेको र पछिल्लो तिन वर्षको कार्य सम्पादन मुल्याङ्कनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेको भए सोहि तहको माथिल्लो पदमा समितिको सिफारिसमा पदोन्नति गरिनेछ ।

(७) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएपनि कुनै एउटा तहमा एक भन्दा बढी पदहरु भएमा माथिल्लो तहमा तह वृद्धि हुन तह वृद्धि हुने तह भन्दा तल्लो तहको माथिल्लो पदमा ३ वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो तीन वर्षका कार्य सम्पादनमा औषत नब्बे प्रतिशत अंक प्राप्त गरको कर्मचारी माथिल्लो तहमा तहवृद्धि हुन योग्य भएको मानिनेछ ।

(८) नगरपालिकाद्धारा खुला प्रतियोगितावाट पदपुर्ति गरिने पदमा नियुक्ती गर्दा नगरपालिका भित्र स्थायी बसोवास भएका उम्मेदवारको हकमा निश्चित अंकभार छुट्याउन सकिने छ ।

**८. पद तथा दरवन्दी श्रृजना सम्वन्धी व्यवस्था :** (१) उपमहानगरपालिकामा रहने नगर प्रहरीको विभिन्न पद/तह तथा दरवन्दीको श्रृजना र खारेजी सम्बन्धी व्यवस्था नगरसभाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) दरवन्दी श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण, मौजुदा दरवन्दीबाट थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने

अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पर्ने प्रभाव समेतका विषयहरु स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन लागु हुनु भन्दा अगाडि नगरकार्यपालिकाबाट निर्माण भएको कार्यविधि अनुसार र निर्णय भई पदपूर्ति भई सकेका पद तथा संख्या समेत समावेश गरि नगरसभाले पद तथा दरबन्दी स्वीकृत गर्नेछ ।

**९. नगर प्रहरी सेवाका कर्मचारीको शुरु नियुक्ति हुने पदहरु :** (१) नगरसभाबाट नगर प्रहरी सेवा अन्तर्गत रहने समूहका पद र दरबन्दी सहितको संगठन संरचना स्विकृत भए अनुसार दफा ७ बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको पद तथा दरबन्दी सहितको संगठन संरचना स्वीकृत नभए सम्म पदपूर्ति भएका नगर प्रहरी र वारुणयन्त्रका कर्मचारीको पद, तह, दरबन्दी एवम् नियुक्ती नगरसभाबाट स्वीकृत संगठन संरचना बमोजिम नै भएको मानिनेछ ।

**१०. नियुक्ति गर्ने अधिकारी :** कर्मचारी छनौट समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी सेवाका कर्मचारी नियुक्ति गर्नेछन् ।

**११. पदपूर्ती गर्ने तरिका :** (१) नगर प्रहरी कर्मचारीको पदपूर्ती खुल्ला प्रतिस्पर्धात्मक प्रक्रियाद्धारा गरिनेछ । खुल्ला प्रक्रियाद्वारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी वनाउन यथासम्भव प्रयत्न गरिनेछ ।

**१२. खुल्ला प्रक्रियाद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यता :** (१) खुल्ला प्रक्रियाद्धारा पदपुर्ति गर्दा नेपाल प्रहरीको पदपूर्ति हुने पदको लागि तोकिएको आवश्यक योग्यता सरह हुनेछ ।

(२) उपदफा (१) अनुसारको योग्यताका अतिरिक्त नगर प्रहरी निरीक्षक/सहायक सेनानी पदको लागी दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको, नगर प्रहरी नायव निरीक्षक, नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदको लागी दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको हुनु पर्नेछ ।

(३) तर यस दफामा जुनसुकै कुरा लेखिएको भएपनि नेपाल सरकारको सुरक्षा निकायमा काम गरेको अनुभव हासिल गरेको नगर प्रहरी आवश्यक पर्ने देखिएमा नगर कार्यपालिकाले आवश्यक योग्यता र मापदण्ड तोक्न सक्नेछ ।

**१३. पदपूर्ति समिति :** नगर प्रहरी सेवाका कर्मचारी पदपुर्ति गर्ने कार्य इटहरी उपमहानगरपालिकाको करारमा कर्मचारी नियुक्ती गर्न बनेको ऐन, २०७६ को दफा १३ बमोजिमको कर्मचारी छनौट समितिले गर्नेछ । त्यसरी पदपूर्ति गर्दा नेपाल प्रहरीको पदपूर्ति सम्बन्धी न्युनतम मापदण्डलाई आधार मानी गर्नुपर्नेछ । नगर प्रहरीको पदपूर्तिको लागि छनौट प्रक्रियामा स्थानीय प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत स्तरको प्रहरी कर्मचारीलाई विज्ञको रुपमा आमन्त्रण गरिनेछ र छनौट प्रक्रियामा स्थानीय प्रहरीको सहयोग लिइनेछ ।

**१४. सेवा करार सम्बन्धी व्यवस्था :** (१) समितिले खुला प्रक्रियाद्धारा पद पुर्ति हुने पदमा आवश्यक योग्यता पुगेका व्यक्तिहरुलाई निजहरुको योग्यता परीक्षण गरी सेवा करारमा नियुक्ति गर्न नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएको उम्मेदवारलाई नगरपालिकाले सेवा करारमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा करारमा लिने निर्णय गर्दा सेवा करारको अवधि, पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको निर्णय पश्चात प्रमुख प्रशासकीय अधिकृतले सेवा शर्तहरु र सुविधाका कुराहरु समेत स्पष्ट उल्लेख गरी सेवा करामा लिने व्यक्तिसंग वढीमा १ वर्षका लागि सेवा करार सम्झौता गर्नु पर्नेछ ।

(५) सम्झौता बमोजिम सेवा करारको अवधि समाप्त भए पश्चात पनि सेवा करारमा लिएको व्यक्तिको सेवा सन्तोषजनक भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम सेवा करारको अवधि थप गरी प्रमुख प्रशासकिय अधिकृतले पुनः सम्झौता गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम सेवा करारमा नियुक्ति हुने व्यक्तिले सम्झौतामा उल्लेख भए बाहेकका अन्य कुनै सुविधा, सहुलियतको दावि गर्न पाउने छैन ।

## परिच्छेद - ५
## नगर प्रहरी सेवाको नियन्त्रण र प्रहरी प्रमुख सम्बन्धि व्यवस्था

**१५. नियन्त्रणमा रहने :** (१) नगर प्रहरीकोसम्पूर्ण कार्यको रेखदेख, निर्देशन, परिचालन तथा नियन्त्रण नगर प्रमुख मार्फत हुनेछ ।

(२) नगर प्रहरीको अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य सामान्यतया नगर प्रहरी प्रमुखले गर्नेछन् ।

**१६. नगर प्रहरी प्रमुख सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम नियुक्त नगर प्रहरी सेवा अर्न्तगत रहेको प्रहरी सेवा र वारुणयन्त्र सेवा मध्येको बरिष्ठतम कर्मचारीलाई नगरपालिकाले नगर प्रहरी प्रमुखको रुपमा जिम्मेवारी तोक्न सक्नेछ । त्यसरी नियुक्त हुने नगर प्रहरी प्रमुखले नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत सँग समन्वय गरि आफ्नो जिम्मेवारी बहन गर्नुपर्नेछ ।

(२) नगर प्रहरी सेवा अन्तर्गतका सबै नगर प्रहरी कर्मचारीहरु नगर प्रहरी प्रमुखको मातहतमा रहनेछन । निजको आदेश, निर्देशन तथा खटन पटन अनुसार अन्य नगर प्रहरी कर्मचारीहरु परिचालन हुनेछन । सुरक्षा गार्डमा खटिएको नगर प्रहरी कर्मचारीको खटन पटन र परिचालन सम्बन्धित पदाधिकारीसँगको समन्वयमा नगर प्रहरी प्रमुखले गर्नु पर्नेछ ।

(३) नगर प्रहरी प्रमुखको अनुशासन र आन्तरिक व्यवस्थापन गर्ने कार्य प्रमुख प्रशासकी अधिकृतको निर्देशन बमोजिम हुनेछ ।

(४) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी प्रमुख, नगर प्रहरी कर्मचारी र सुरक्षा गार्डमा खटिएको नगर प्रहरी कर्मचारीको अनुशासन र आन्तरिक व्यवस्थापन गर्दा नगर प्रमुख संग समन्वय गर्नु पर्नेछ ।

**१७. जिम्मेवारी दिन सकिने :** (१) कुनैपनि नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले आवश्यकता अनुसार एक भन्दा बढी जिम्मेवारी दिन सक्नेछ ।

(२) नगर प्रहरी सेवा अन्तर्गत रहने कुनै एउटा समूहको कर्मचारीलाई आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृतको अनुमतिमा नगर प्रहरी प्रमुखले अर्को समूहसँग सम्बन्धित वा अन्य जिम्मेवारी तोक्न सक्नेछ ।

## परिच्छेद-६
## विदा सम्बन्धी व्यवस्था

**१८. विदा अधिकारको कुरा होइन :** (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो स्व-विवेकले विदा स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ । निजले विदा बसेको नगर प्रहरीको विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

**१९. विदा सम्बन्धी व्यवस्था :** (१) नगर प्रहरीले पाउने बिदाको सम्बन्धमा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । सेवा करार सम्झौतामा उल्लेख नभएकोमा सार्वजनिक विदा (पालो मिलाई बस्नुपर्ने)बाहेकमा इटहरी उपमहानगरपालिकाको अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिइने सेवा, सुविधा र सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) विदा लिने विधि, विदा सम्बन्धी शर्तहरु र अन्य कुराहरु नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विद्यमान कानून बमोजिम हुनेछ ।

**२०. विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल गरी तलब कट्टी गरीनेछ ।

**२१. झुटो कारण देखाई बिदा बसेमा कारवाही हुने :** झुटो काराण देखाई बिदा बसेको पाईएमा त्यस्तो प्रहरी कर्मचारी सजाँयको भागीदार हुनेछ ।

## परिच्छेद-७
## आचरण

**२२. नगर प्रहरीको आचरण :** (१) नगर प्रहरी कर्मचारीले इटहरी उपमहानगरपालिकाको कर्मचारी आचारसंहिता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ मा भएको व्यवस्थाका अतिरिक्त देहाय बमोजिमको आचरणको समेत पालना गर्नु पर्नेछ ।

(क) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी आफू वा परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृती बिना कोही कसै संगबाट दान, वक्स पुरस्कार वा उपहार स्वीकार गर्नु हुदैन ।

(ख) कुनै किसिमको चन्दा माग्न वा लिन हुदैन ।

(ग) आफू वा आफ्ना परिवारको नाममा कुनै अचल सम्पत्ति खरीद गर्नु पर्दा नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(घ) आफू वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन, चाँदी, शेयर र बैंक ब्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको३ महिना भित्र र हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र यस्तो अद्यावधिक विवरण नगरपालिकामा पेस गर्नु पर्नेछ ।

(ङ) नगरपालिकाको स्वीकृती बेगर कुनै व्यापार व्यवसाय गर्न पाइनेछैन ।

(च) नगरपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुनै सूचनाहरु नगरपालिकाको आख्तियारी बिना कोही कसैलाई दिनु हुदैन ।

(छ) रेडियो वा कुनै पत्र पत्रिकामा वेनामी कुनै लेख प्रकाशित गर्न वा प्रसारण गर्नु हुदैन तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

(ज) उपमहानगरपालिकालाई खलल पुग्ने गरी वा उपमहानगरपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन ।

(झ) निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन । तर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्नेछैन ।

(ञ) समय पालन वा नियमिततामा नगर प्रहरी कर्मचारी चुस्त दुरुस्त हुनु पर्नेछ ।

(ट) आफ्नो कर्तव्य तत्परताका साथ पालन गर्नु पर्नेछ ।

(ठ) आफू भन्दा माथिका अधिकृत/कर्मचारीले दिएको आदेश पालना गर्ने र माथिका अधिकृत/कर्मचारीहरु उपर उचित आदर देखाउनु पर्नेछ ।

(ड) आफ्नो मतलव साध्य पार्न कुनै अनुचित प्रभाव पार्नु हुदैन ।

(ढ) बहु बिवाह, बाल बिवाह र अनमेल बिवाह गर्नु हुदैन । प्रचलित कानून विपरित हुने गरी विवाह गर्नु गराउनु हुदैन ।

(ण) उपमहानगरपालिकाको आलोचना गर्न पाइने छैन ।

## परिच्छेद-८
## सजाँय सम्बन्धी व्यवस्था

**२३. सजाँय :** (१) उचित र पर्याप्त कारण भएमा प्रशासन शाखा प्रमुखको सिफारिसमा नगर प्रहरी कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम सजाँय गर्न सकिनेछ : :-

(क) सामान्य सजाय

(१) सचेत गराउने ।

(२) नसिहत दिने ।

(३) दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने वा खाईपाई आएको प्रतिदिन पाउँने तलब रकमका हिसाबले दुई देखि पाँच दिन सम्मको तलब मासिक तलबमा कट्टा गर्ने ।

(४) प्रहरी कर्मचारीको लापरबाहीको कारण उपमहानगरपालिकालाई हानी नोक्सानी भएमा त्यसरी नोक्सानी भएको बिगो बराबरको रकम निजलाई भुक्तानी दिनु पर्ने जुनसुकै स्रोत वा अन्य स्रोतबाट सरकारी बाँकी सरह असुल उपर गर्ने ।

(ख) विशेष सजाय

(१) भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवावाट हटाउने ।

(२) भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवावाट बर्खास्त गर्ने ।

(२) कुनै नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा सचेत गराउने वा नसिहत दिन सक्नेछ । दुई पटकसम्म सचेत गराउँदा वा नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखी निजको व्यक्तिगत फाइलमा अभिलेखन गरिनेछ ।

(३) प्रहरी कर्मचारीलाई यस दफा बमोजिम कारबाही गर्नु भन्दा पहिला निजलाई सफाईको मौका दिईनेछ ।

(४) आचरण उल्लङ्घन सम्बन्धि विषयमा कर्मचारी आचारसंहिता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ मा भएको व्यवस्था बमोजिम सजाय हुनेछ ।

## परिच्छेद-९
## तलब, भत्ता तथा अन्य सुबिधा सम्बन्धी व्यवस्था

**२४. नगर प्रहरीको तलब भत्ता सम्बन्धी व्यवस्था :** (१) उपमहानगरपालिकामा सेवा करारमा नियुक्ति हुने नगर प्रहरीको तलब, भत्ता र अन्य सुविधा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम उपलव्ध गराइनेछ । सो वाहेक अन्य सुविधा उपलव्ध हुने छैन ।

(२) नगर कार्यपालिकाले समय समयमा निर्णय गरी थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

**२५. नगर प्रहरी कर्मचारीको पोशाक सम्बन्धी व्यवस्था :** (१) नगर प्रहरी सेवाको कर्मचारीले आफ्नो तह र पद अनुसार प्राप्त गर्ने दर्ज्यानी चिन्ह अनुसूची-१ मा  तोकिए बमोजिम हुनेछ ।

(२) नगर प्रहरी सेवाको कर्मचारीले लगाउने पोशाकको रंग, किसिम, ड्रेस कोड अनुसूची-२ मा  तोकिए बमोजिम हुनेछ ।

(३) उपमहानगरपालिकाले नगर प्रहरी कर्मचारीलाई वर्षको एक पटक उपमहानगरपालिकाका अन्य कर्मचारीहरुले पाए सरह पोशाक भत्ता उपलब्ध गराउनेछ । यस्तो पोशाक भत्ता प्रत्येक वर्षको चैत्र महिनाको तलब भत्ता भुक्तानी गर्दा साथै भुक्तानी दिईनेछ ।

(४) यस दफामा तोकिए बमोजिमको पोशाक प्राप्त गर्ने प्रहरी कर्मचारीले अनिवार्य रुपमा त्यस्तो पोशाक लगाउनु पर्नेछ ।

(५) नगर प्रहरी कर्मचारीले कहिले कुन समयमा कुन कोडको पोशाक लगाउने भन्ने कुरा उपमहानगरपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद - १०

## विविध

**२६. तालीम सम्बन्धी व्यवस्था** : (१) नगर प्रहरी कर्मचारीलाई नियुक्ती भए पश्चात कम्तिमा एक महिनाको आधारभूत तालीम प्रदान गरिनेछ । सोको अतिरिक्त समय समयमा पुनर्ताजकी तालिम उपलव्ध गराइनेछ ।

(२) यसरी दिइने तालीमको लागि विज्ञ समुहद्वारा पाठ्यक्रम तर्जुमा गरी सोही अनुरुप तालीम प्रदान गरिनेछ ।

(३) प्रत्येक पदमा कार्यरत प्रहरी कर्मचारीले तोकिए बमोजिमको तालीम अनिवार्य रुपमा लिनु पर्नेछ ।

(४) तालीम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) नगर प्रहरीको कार्यसम्पादनलाई व्यवस्थीत, चुस्त दुरुस्त, छिटो छरितो, र पारदर्शि बनाउनको लागि आवश्यकता अनुसार संचार सेट जडान गरिनेछ । त्यस्तो संचार सेटको प्रयोग, मुल नियन्त्रण र निर्देशन नगर प्रमुखको प्रत्यक्ष निगरानीमा रहने गरि प्रमुख प्रशासकीय अधिकृतसँगको समन्वयमा सूचना प्रविधि शाखाले गर्नेछ ।

**२७. चाड पर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले आफूले आफ्नो धर्म संस्कृती परम्परा अनुसार मनाईने मुख्य चाडपर्वमा खाइपाइ आएको एक महिना बराबरको तलब आर्थिक वर्षको एक पटक चाडपर्व खर्चको रुपमा प्राप्त गर्नेछन्।

**२८. उमेर हद :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि नगर प्रहरी कर्मचारीलाई निजको उमेर ५८ वर्ष पुरा भएपछि निजलाई सेवा करारमा निरन्तरता दिईनेछैन ।

**२९. वृत्ति विकास सम्बन्धि व्यवस्था :** अन्य सेवामा स्थायी नियुक्ती भई हाल नगर प्रहरी सेवामा कार्यरत स्थायी नगर प्रहरीको तह वृद्धि/बढुवा सम्बन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**३०. सेवा पछिको सुविधा(उपदान) सम्बन्धि व्यवस्था:** नगर प्रहरी सेवाका स्थायी कर्मचारी ऐनको दफा २३ को उपदफा (१) को खण्ड ख(२) को अवस्थामा बाहेक उमेर हदका कारण वा जुनसुकै कारणले सेवामा नरहेमा निजले नियुक्ती हुदाँ बखतको कानून बमोजिम/स्थानीय कानून बमोजिम/प्रादेशिक कानून बमोजिम/संघिय कानून बमोजिम पाँउने सुविधा(उपदान) प्राप्त गर्नेछ।

**३१. यसै ऐनबमोजिम भएको मानिने** : (१)उपमहानगरपालिकाले यो ऐनलागु हुनु भन्दा अगाडि नियुक्त गरेका नगर प्रहरी कर्मचारीहरु यसै ऐनबमोजिम नियुक्त भएको मानिनेछ।

(२) नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि-२०८० बमोजिम भए गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

**३२. खारेजी :** नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि-२०८० खारेज गरिएको छ।

**३३. बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनकार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ आई परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार नगर सभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकालाई हुनेछ।

**३४. प्रचलीत कानून बमोजिम हुने :** यस ऐनमा उल्लेख भएका विषयहरुमा यसै बमोजिम र अन्य विषयमा प्रचलित उपमहानगरपालिकाका अन्य कानून तथा प्रादेशिक र संघिय कानून बमोजिम हुनेछ।

**३५. नियमावलि, कार्यविधि,मापदण्ड बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनको लागि आवश्यकता अनुसार नगरकार्यपालिकाले नियमावली, कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

**३६. ऐनमा संशोधन** : यस ऐन कार्यान्वयन गर्ने क्रममा संशोधन गर्नु पर्ने भएमा आवश्यकता अनुसार नगरसभाले संशोधन गर्न सक्नेछ। त्यस्तो संशोधन स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ।

<u>अनुसूची-१</u>

(दफा २५ को उपदफा (१) सँग सम्बन्धित)

## नगर प्रहरी सेवाको प्रहरी समूहमा रहने दर्ज्यानी चिन्ह

| पद | चिन्ह | तह | दर्ज्यानी चिन्ह |
|---|---|---|---|
| नगर प्रहरी नायव उपरीक्षक |  | अधिकृतस्तर नवौं | खुकुरी डण्डा क्रस एक तारा |
| नगर प्रहरी निरीक्षक |  | अधिकृतस्तर छैठौ।सातौं।आठौं | खुकुरी डण्डा क्रस |
| नगर प्रहरी नायव निरीक्षक |  | सहायकस्तर पाचौं (प्रथम श्रेणी) | दुई तारा |
| नगर प्रहरी सहायक निरीक्षक |  | सहायकस्तर चौथो (द्धितिय श्रेणी) | एक तारा |
| नगर प्रहरी बरिष्ठ हवल्दार |  | सहायकस्तर तेस्रो (तृतिय श्रेणी) | कुममा एक धर्को माथी तीन धर्के फित्ता |
| नगर प्रहरी हवल्दार |  | सहायकस्तर तेस्रो (तृतिय श्रेणी) | कुममा तीन धर्के फित्ता |
| नगर प्रहरी सहायक हवल्दार |  | सहायकस्तर तेस्रो (तृतिय श्रेणी) | कुममा दुई धर्के फित्ता |
| नगर प्रहरी जवान |  | सहायकस्तर दोस्रो (चतुर्थ श्रेणी) | कुममा रिबनको फित्ता |

**नगर प्रहरी सेवाको वारुणयन्त्र समूहमा रहने दर्ज्यानी चिन्ह**

| पद | चिन्ह | तह | दर्ज्यानी चिन्ह |
|---|---|---|---|
| नगर सुवेदार |  | सहायकस्तर पाचौं (प्रथम श्रेणी) | चन्द्र |
| नगर जमदार |  | सहायकस्तर चौथो (द्बितिय श्रेणी) | सूर्य |
| नगर हुद्दा |  | सहायकस्तर तेस्रो (तृतिय श्रेणी) | पाखुरामा तीन धर्के फित्ता |
| नगर अमल्दार |  | सहायकस्तर तेस्रो (तृतिय श्रेणी) | पाखुरामा दुई धर्के फित्ता |
| नगर नगर प्युठ |  | सहायकस्तर तेस्रो (तृतिय श्रेणी) | पाखुरामा एक धर्के फित्ता |
| नगर सिपाही | I.S.M.P. City | सहायकस्तर दोस्रो (चतुर्थ श्रेणी) | कुममा उपमहानगरपालिका को नाम लेखिएको फित्ता |

अनुसूची-२

(दफा २५ को उपदफा (२) सँग सम्बन्धित)

## नगर प्रहरी सेवाका कर्मचारीको पोशाक सम्बन्धि विवरण

| **१ नं. पोशाक (dress code 1)** | | |
|---|---|---|
| क्र.स. | विवरण | कैफियत |
| १ | हल्का सेता(घिउ) रंगको सर्ट | |
| २ | फिक्का हरियो रंगको पेन्ट | |
| ३ | नगर प्रहरी लेखिएको पित्तलको पेटी | |
| ४ | पित्तलको नगर प्रहरी लेखिएको ब्यारेट/फरेश क्याप | |
| ५ | कालो बुट र गाढा निलो रंगको मोजा | |
| ६ | दाँया छातीमा पित्तल/धातु/लेमिनेटेट नेमप्लेट र सो माथी नेपाल सरकारको लोगो भएको उपमहानगपालिकाको नाम सहितको नगर प्रहरी लेखिएको चेष्ट व्याज | |
| ७ | बाँया पाखुरामा षष्ठभुज आकारको आर्म व्याज | |
| ८ | सिठ्ठी र सिठ्ठी कर्ड | |
| २ नं. पोशाक **(dress code 2)** | | |
| क्र.स. | विवरण | कैफियत |
| १ | हरियो फिक्का रंगको चुस्ता सेट | |
| २ | दाँया छातीमा नाम थर भएको नेपाली वा अंग्रेजी व्याज | |
| ३ | बाँया छातीमा इटहरी उपमहानगरपालिका लेखिएको नेपाली वा अंग्रेजी व्याज | |
| ४ | बाँया पाखुरामा गोलो आकारको आर्म व्याज | |
| ५ | कालो बुट र गाढा निलो रंगको मोजा | |
| ६ | सिठ्ठी र सिठ्ठी कर्ड | |

नोटः जाडो मौसममा नगरपालिकाले पोशाकसँग मिल्दो रंगको ज्याकेट, टोपी, पञ्जा उपलब्ध गराउनेछ । साथै नगर प्रहरी कर्मचारीले लगाउने अन्य अनौपचारिक पोशाक नगरपालिकाले तोकेबमोजिम हुनेछ ।